# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले,नुवाकोट

प.सं. :-२०८१।०८२

च.नं. :-

बागमती प्रदेश, नेपाल

## प्राविधिक सहायकको पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/१८)

यस कार्यालयको मिति २०८१/०६/१६ गतेको निर्णयानुसार किस्पाङ गाउँपालिका अन्तर्गत रिक्त रहेको प्राविधिक सहायक पदमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालयको स्थानीय तहमा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी मापदण्ड ,२०७८ को स्वीकृत दरवन्दिमा कार्य गर्न तपसिल बमोजिमको पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

**माग गरिएको पदको विवरण:**

| क्र.सं | विज्ञापन नं | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | प्राविधिक सहायक | पाँचौं | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह/ओभरिसयर/ डिप्लोमा तह उत्तीर्ण वा सो सरह।

(ख) कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको।

(ग) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(घ) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः- किस्पाङ गाउँपालिकाको कार्यालय, काहुले नुवाकोट।

३. दरखास्त दिने अन्तिम मिति २०८१/०७/०३ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुर :-५००/-

५. छनोटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयंले प्रमाणित गरेको नागरिकताको फोटोकपी, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपी, ३ प्रति पासपोर्ट आकारको फोटो।

७. सेवा सुविधा :-स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

९ परीक्षा मिति :- पछि तोकिने छ।

नोट : दरखास्त फारम, पाठ्यक्रम तथा थप जानकारी कार्यालयको वेवसाइट www.kispangmun.gov.np तथा Google बाट स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ type गरी download गर्न सकिनेछ

..................

प्रमुख प्रशासकीय अधिकृत

धुब्र प्रसाद सापकोटा